# नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
# Nepal Administrative Staff College

*"...devoted to making differences positively."*


प.सं. CIST/PSTD

च.नं. ४७८/२०८१/०८२

मितिः २०८१/११/२७

**श्री मुख्यमन्त्री तथा म.प.को कार्यालय, बागमती प्रदेश,**
**हेटौडा, काठमाडौं।**

**विषय : सेवाकालीन प्रशिक्षण कार्यक्रममा सहभागी मनोनयन सम्बन्धमा ।**

नेपाल सरकार र सार्वजनिक निकायहरुमा कार्यरत अधिकृतहरुको क्षमता विकास गर्ने उद्देश्यका साथ यस प्रतिष्ठानले **अधिकृत द्वितीय श्रेणी वा सो सरहका अधिकृतहरूका लागि Advanced Course on Management and Development (ACMD)** तथा **अधिकृत तृतीय श्रेणी वा सो सरहका अधिकृतहरूका लागि Professional Course on Management and Development (PCMD)** सेवाकालीन प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दछ। आ.व. २०८१/८२ को वार्षिक कार्यतालिका अनुरूप तपसील बमोजिमका प्रशिक्षण कार्यक्रममा **सहभागीताका लागि नामावली सचिव/विशिष्ट श्रेणीको अधिकृतस्तरबाट मनोनयन गराई सो** मनोनयन पत्र **मिति २०८१/१२/१८ गतेसम्म** इमेल ठेगाना **inservice@nasc.org.np** र **inservicenasc@gmail.com** मा पठाईदिनुहुन अनुरोध गर्दछु।

| कार्यक्रम | संख्या | कार्यक्रम मिति |
|---|---|---|
| ACMD 5 | १ जना | २०८१/१२/२७ देखि ४० कार्यदिने |
| **सम्पर्क:**<br>PCMD: श्री श्रीनिवास पौडेल (९८४३३३२४८१)<br>ACMD: श्री रोशनी भुजेल (९८५१२०१०४६) | | **दर्ता लिंक**<br>*https://forms.gle/sfjfSzmQxt2Tb21i9*<br>*https://forms.gle/GDxgnxX6B3c2PcWL9* |

**मनोनयनका आधारहरु र सम्बन्धित व्यवस्थाः**

- अधिकृत द्वितीय श्रेणीको कर्मचारीको हालको तह/श्रेणीमा २०८१ असार मसान्तसम्म न्यूनतम २ वर्ष र अधिकृत तृतीय श्रेणीको हकमा २०८१ असार मसान्तसम्म न्यूनतम ३ वर्ष सेवा अवधि पुरा भएको हुनुपर्नेछ।
- हालको तह/श्रेणीमा ३० कार्यदिन वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिम लिईसकेका कर्मचारीहरु मनोनयनका लागि योग्य हुने छैनन्।
- मनोनयन गर्दा तालिकामा उल्लेख भए बमोजिमको कुन समूहमा सहभागी हुने हो सो स्पष्ट खुलाई पठाउनुपर्नेछ।
- सम्बन्धित मन्त्रालय/संस्थानले सम्भावित सहभागीको नाम सिफारिस गर्दा वरिष्ठताको आधारबाट गर्नुपर्ने छ।
- मनोनयन स्वीकृतिको अधिकार सम्पूर्ण रुपमा प्रतिष्ठानमा निहित रहनेछ साथै मनोनयन स्वीकृतिको जानकारी ईमेलको माध्यमबाट गराइनेछ।
- मनोनित कर्मचारीहरुको नामावली संग्लन पत्र प्रतिष्ठानको ईमेल **inservice@nasc.org.np** र **inservicenasc@gmail.com** मा पठाउनु पर्नेछ।
- मनोनित कर्मचारीहरुले **ACMD** का लागि *https://forms.gle/GDxgnxX6B3c2PcWL9* र **PCMD** का लागि *https://forms.gle/sfjfSzmQxt2Tb21i9* मार्फत registration गर्नु पर्नेछ।
- मनोनयन फारम यस प्रतिष्ठानको website https://nasc.org.np/sites/default/files/Nomination%20Form-%20NASC.pdf मा उपलब्ध छ।

रोशनी

रोशनी भुजेल
अध्ययन उप-निर्देशक


जावलाखेल, ललितपुर, नेपाल, पो.ब.नं.: २१५२, फोन नं.: ५५२२००२, ५५२२१६०, ५५२३५१४, ५५२३५१७, फ्याक्स: ५५२४९०६
Jawalakhel, Lalitpur, Nepal, P.O.Box: 2152, Ph. No.: 5522002, 5522160, 5523514, 5523517, Fax: 5524906
Hello Nepal Administrative Staff College, Audio Notice Board No.: 1618-01-5522002,